कार्यविधि नं. १

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८१-०३-०९

# प्यूठान नगरपालिका

# पर्यटकीय स्थल, पार्क, सांस्कृतिक सम्पदाहरुको व्यवस्थापन निर्देशिका, २०८१

प्यूठान नगरपालिका

नगर  कार्यपालिकाको कार्यालय

लुम्विनी प्रदेश

पर्यटकीय स्थल, पार्क, सांस्कृतिक सम्पदाहरुको व्यवस्थापन निर्देशिका, २०८१

प्रस्तावनाःप्यूठान नगरपालिकाभित्र रहेका विभिन्न पर्यटकीय स्थल, पार्क तथा सांस्कृतिक सम्पदाहरुको उचित र प्रभावकारी व्यवस्थापन गरी दिगो रुपमा स्वच्छ, स्वस्थ र आकर्षक वातावरण कायम गरी नगरको आन्तरिक आय वृद्धी गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ (१) बमोजिम प्यूठान नगरपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१)यस कार्यबिधिको नाम "पर्यटकीय स्थल, पार्क, सांस्कृतिक सम्पदाहरुको व्यवस्थापन निर्देशिका, २०८१" रहेको छ।
(२) यो कार्यविधि प्यूठान नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्यूठान नगरपालिका क्षेत्रभत्र तुरुन्त लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः
(क) "नगरपालिका" भन्नाले प्यूठान नगरपालिका सम्झनु पर्दछ।
(ख) "कार्यपालिका" भन्नाले प्यूठान नगरकार्यपालिका सम्झनु पर्दछ।
(ग) "प्रमुख" भन्नाले प्यूठान नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्दछ।
(घ) "उप प्रमुख" भन्नाले प्यूठान नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ।
(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्यूठान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।
(च) "गैर सरकारी वा सामुदायीक संस्था" भन्नाले मुनाफा रहित उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून वमोजिम स्थापित टोल विकास संस्था, उपभोक्ता समूह, आमा समूह, महिला समूह, सहकारी संस्था, गैर सरकारी संस्था आदीलाई सम्झनु पर्दछ।

परिच्छेद २

सम्पदाको विवरण

३. प्यूठान नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक, सांस्कृतिक तथा मावनिर्मित मुख्य सम्पदाहरु देहाय बमोजिम रहेका छन।
(क) प्रमुख धार्मिक तिर्थस्थल एवम् धार्मिक मन्दिरहरुः- कालिका मन्दिर-विजुवार,भिमसेन मन्दिर-विजुवार,शिवालय मन्दिर-विजयनगर,खैराकोट-खैरा,राजुराथान मन्दिर-वडा नं. ४,क्षेत्रपाल मन्दिर-वडा नं ७,शिवगोपाल मन्दिर-वडा नं २,जाल्पास्थान-वडा नं. ४, सिद्धमेहेलथान-वडा नं. ६,भूमिस्थाना मन्दिर-वडा नं १,भूमेथान मन्दिर-वडा नं ९, वृत्तीका थान मन्दिर – वडा नं. ६, भित्रिकोट मन्दिर,

गोरखनाथ मन्दिर – वडा नं. १ र २, शिवालय मन्दिर – वडा नं. १,२,७,९, खड्ग मन्दिर –वडा नं.४, ठाकुर बराह मन्दिर –वडा नं. ५, सिद्ध फलारी – वडा नं. २

(ख) प्राकृतिक दृश्यावलोकनका स्थानहरुः लिस्ने पहाड-जुम्रीकाँडा,सुंगुरखाल हलहले डाँडा-विजयनगर,साततले डाँडा-मरन्ठाना,झुलेनी लेक-माझकोट,भित्रीकोट- वडा नं.४ ,गोरखपुरे भीर-मरन्ठाना,मरन्ठाना कोट, झिमरुक ड्यामसाईट- वडा नं. १, गाँजुरी शहीद पार्क – वडा नं. ७, युद्ध पर्यटकीय स्थल – वडा नं. ३ , सिस्टर पार्क – वडा नं. १, कुटी – वडा नं. ८

(ग) ऐतिहासिक महत्वका स्थानहरुः दाखाँकोट दरबार-वडा नं २,रानीचौर- वडा नं. २, राजुराथान दरवार-वडा नं ७, वराहथान-वडा नं ७, भित्रिकोट – वडा नं. ४, खैराकोट – वडा नं. १

## परिच्छेध – ३
## पुनःनिर्माण, जिर्णोद्धार तथा संरक्षणको जिम्मा

४. पर्यटकीय स्थल, पार्क र सांस्कृतिक सम्पदाहरुको पुनःनिर्माण, जिर्णोद्धार तथा संरक्षणको जिम्मा नेपाल सरकार, प्रदेश सरकार र प्यूठान नगरपालिकाको एकल वा संयुक्त लागत साझेदारीमा गरिनेछ।

५. निजी क्षेत्र, सामुदायिक संस्था वा व्यक्तिले सम्पदाहरुमा लगानी गर्न चाहेमा नगरपालिकाले सवीकृती प्रदान गर्न सक्नेछ।

६. पर्यटकीय स्थल, पार्क तथा सांस्कृतिक सम्पदाको व्यवस्थापनका लागि नगरपालिकाले समबन्धित वडालाई जिम्मेवारी दिन सक्नेछ।

## परिच्छेद – ४
## संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन समिति

७. पर्यटकीय स्थल, पार्क तथा सांस्कृतिक सम्पदाको व्यवस्थापनका लागि नगरस्तरमा नगर प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| १. नगर प्रमुख – | - संयोजक |
| २. नगर उपप्रमुख – | - सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत – | - सदस्य |
| ४. आर्थिक विकास समितिको संयोजक – | - सदस्य |
| ५. सम्बन्धित वडाका वडा अध्यक्ष | - सदस्य |
| ६. नगरप्रमुखले नगरकार्यपालिका सदस्यहरु मध्ये छनौट गरेका एक महिला सहित २(दुई) जना कार्यपालिका सदस्य | - सदस्य |
| ७. नगरप्रमुखबाट मनोनित विभिन्न क्षेत्रका संघ संस्था तथा सहलगानीकर्ताहरुमध्ये ३ जना | - सदस्य |
| ८. पूर्वाधार बिकास शाखा प्रमुख | - सदस्य |
| ९. आर्थिक विकास समितिको सदस्य सचिव | - सदस्य सचिव |

८. वडास्तरीय समितिः(१) पर्यटकीय स्थल, पार्क र सांस्कृतिक सम्पदाको व्यवस्थापनका लागि वडामा तपसिल बमोजिमको समिति रहनेछ।

१. सम्बन्धित वडाको वडा अध्यक्ष – संयोजक

२. सामुदायीक विद्यालयको वरिष्ठतम प्रधानाध्यापक – सदस्य

३. वडा समितिले छनौट गरेको सामुदायिक संस्थाको महिला प्रतिनिधी / प्रमुख – सदस्य

४. वडा समितिको सदस्यमध्ये वडाध्यक्षले छनौट गरेका वडा समितिको सदस्य १ जना – सदस्य

५. वडा सचिव – सदस्य सचिव

(२)२ वा सो भन्दा बढी वडाको सिमानामा पर्ने पर्यटकीय स्थल, पार्क र सांस्कृतिक सम्पदाहरुको वडा स्तरीय समितिको हकमा आलोपालो गरी वडा अध्यक्षहरुको संयोजकत्वमा बैठक बस्नेछ।

९. नगर स्तरीय समितिको काम कर्तव्य र अधिकारः

(क) नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको पहिचान गरी आर्थिक तथा प्राकृतिक स्रोतको उच्चतम उपयोगको लागि कार्ययोजना वनाउने।

(ख) नगरभित्र पार्क बनाउन सकिने सम्भाव्य स्थलहरुको अध्ययन गर्ने।

(ग) सार्वजनिक शौचालय आवश्यक पर्ने स्थानहरुको पहिचान गर्ने।

(घ) पहिचान भएका स्थानहरुमा निर्माण कार्य प्रारम्भ गर्नका लागि नगरकार्यपालिकामा प्रस्ताव पेश गर्ने।

(ङ) नगरपालिका क्षेत्रभित्र निर्माण तथा सञ्चालन भएका पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयहरुको व्यवस्थापन सम्बन्धमा वडा समितिलाई आवश्यक निर्देशन दिने।

(च) वडास्तरीय समितिहरुसँग समन्वय गर्ने।

(छ) वडास्तरीय समितिलाई सक्रिय गराई संरक्षण संवर्द्धन तथा व्यवस्थापनको जिम्मेवारी दिने।

१०. यस निर्देशिका बमोजिम गठन भएका नगर स्तरीय र वडास्तरीय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

## परिच्छेद ५

११. स्थल तोक्न सक्ने

(क) नगरस्तरीय समितिको निर्णयको आधारमा नगर कार्यपालिकाले पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयको स्थल तोक्न सक्नेछ।

(ख) नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार तथा अन्य निकायको तर्फबाट अनुदान वा नगरपालिकासँग सहकार्यमा पर्यटकीय स्थल, पार्क तथा शौचालय निर्माण गर्न चाहेमा नगरपालिकासँगको समन्वय र सहकार्यका आधारमा निर्माण कार्य अगाडि बढाईने छ।

(ग) निर्माणस्थल तोक्दा उपयुक्त, पायक पर्ने तथा सार्वजनिक स्थलमा तोक्नु पर्नेछ।

(घ) नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार वा नगरपालिकाले निर्माण सम्पन्न गरी वडालाई हस्तानतरण गर्ने र वडाले संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको जिम्मेवारी लिनु पर्ने छ।

(ङ) सार्वजनिक स्थल पर्याप्त नभएमा वा निजी जमीन उपयुक्त भएमा नगरपालिकाले जग्गा व्यवस्थापनका लागि आवश्यक पहल गर्ने छ।

(च) पर्यटकीय स्थल वरिपरी अनावश्यक भिडभाड नगर्ने, रक्सी लगायत प्रचलित कानूनले निषेध गरेका पदार्थहरुको बेचबिखन तथा उपभोग गर्न पाईने छैन।

## परिच्छेद – ६

१२. अनुमति सम्बन्धमा

(क) पर्यटकीय स्थल, पार्क तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनका लागि जिम्मा लिएको निकाय, सार्वजनिक संस्थाको अनुमति वा रेखदेखका लागि खटिएको व्यक्तिको अनुमति विना बाह्य व्यक्ति उक्त क्षेत्रमा प्रवेश गर्न पाईने छैन।

(ख) नगरपालिकाले निर्धारण गरे बमोजिम बाहेक अन्य थप प्रवेश वा सेवाशुल्क लिन पाईने छैन।

(ग) पर्यटकीय स्थल, पार्क तथा सांस्कृतिक सम्पदा स्थलभित्र अनावश्यक होहल्ला गरने, कानून विपरित कार्य गर्ने तथा सो स्थानभित्रका सजावटका सामाग्री, पुरातात्विक महत्वका बस्तुहरु तथा मूर्तीहरु तोडफोड गर्न पाईने छैन। कसैले यस्तो व्यवहार गरेमा प्रचलित कानून बमोजिम कडा कारबाही गरिने छ।

(घ) प्रवेश द्वारमा उक्त स्थलको जानकारी सम्बन्धि सूचनापाटी, ऐतिहासिक पृष्ठभूमी तथा नियम कानून स्पष्ट रुपमा उल्लेख गरिनेछ।

(ङ) जग्गादाता, चन्दादाता, पुनर्निर्माणकर्ताहरुको लागत सहितको परिचय खुल्ने अभिलेख राखिनेछ।

## परिच्छेद – ७

१३. संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको जिम्मा दिन सकिनेः(१) नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय स्थल, पार्क तथा सांस्कृतिक सम्पदा र शौचालयको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनको जिम्मा नगर कार्यपालिकाको सिफारिसमा प्यूठान नगरपालिकाको नगरसभाले तोके बमोजिमको मासिक वा वार्षिक शुल्क तिरी प्रस्ताव वा बोलपत्रको माध्यमबाट तपसिलका निजी क्षेत्रहरुलाई व्यवस्थापन करार गरी संरक्षण तथा सम्वर्द्धनको जिम्मा दिन सकिनेछ।

(क) ठेक्का पट्टा गर्न ईजाजतप्राप्त निर्माण व्यवसायी फर्महरु

(ख) गैर सरकारी संस्थाहरु

(ग) पार्क संरक्षण तथा वातावरण संरक्षणका क्षेत्रमा काम गर्ने दर्तावाल सामुदायिक संस्थाहरु वा क्लबहरु

(२) व्यवस्थापनको जिम्मा सम्बन्धमा अन्य व्यवस्थाहरु सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

परिच्छेद ८ विविध

१४. निर्देशन दिन सक्नेः यस निर्देशिकाको प्रयोगमा बाधा अड्चन वा निर्देशिकाले समेट्न नसकेका बिषय बस्तुहरुमा निर्णय गर्नु परेमा नगर स्तरीय समितिको सिफारिश बमोजिम कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

१५. बचाउः यस अघी प्यूठान नगरपालिकामा भएका यस सम्बन्धी क्रियाकलापहरुलाई यसै निर्देशिका बमोजिम भएको मानिनेछ।